# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

# को
# सदस्यता नीति - २०७६

कार्यक्षेत्रभित्र बासोबास गर्ने सवै बर्गका व्यक्ति तथा संस्थाहरुलाई समेटी संस्थाबाट उपलव्धहुने सम्पुर्ण सेवा सूविधाहरु तत् तत् व्यक्ति तथा संस्थाहरुमा पुऱ्याउने उद्देश्य सहित ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको विनियम २०५६  ले दिएको अधिकार प्रयोग गरी यो नीति तयार गरिएको छ ।

## १. संक्षिप्त नाम र परिभाष

१. यो नियमावलीको नाम ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको " सदस्यता नीति २०७६" रहनेछ । यो नीति ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको बार्षिक साधारण सभाबाट स्विकृत भएको मिति २०७६ भाद्र १४ गते देखी लागु हुनेछ ।

## २. परिभाषा :-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस 'सदस्यता नीति -२०७६' मा :

१. "ऐन" भन्नाले सहकारी ऐन २०७४ र उक्त ऐनमा हुने संशोधन समेतलाई जनाउँछ ।
२. "नियमावली" भन्नाले सहकारी नियमावली २०७५ र सोमा हुने संशोधन समेतलाई जनाउँछ ।
३. "संस्था" भन्नाले ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई सम्झनुपर्दछ ।
४. "विनियम" भन्नाले संस्थाको विनियम २०५६ र संशोधन समेतलाई जनाउँछ ।
५. "नीति" भन्नाले संस्थाको  यसै सदस्यता नीति २०७६ लाई जनाउँछ ।
६. "सदस्य" भन्नाले संस्थाको विनियम तथा नीतिका सर्त स्विकार गरी सदस्यता ग्रहण गरेका व्यक्तिहरु जनाउँछ ।
७. "संस्थापक सदस्य" भन्नाले संस्था स्थापना विनियमको दफा ८ क बमोजिम सदस्यता लिएका सदस्यहरुलार्य सम्झनु पर्दछ ।
८. "संरक्षित सदस्य" भन्नाले १६ बर्ष भन्दा कम उमेर भएका बाल बचतकर्ता सदस्यहरुलाई जनाउनेछ ।
९. "संस्थागत सदस्य" भन्नाले ऐनको दफा ३० को उप दफा २ को व्यवस्था बमोजिम बैधानिक रुपमा दर्ता वा गठन भई संस्थाको शेयर लिएका फर्म संस्था ,गुठी, स्कुल आदि जनाउने छ ।
१०. "समिति" भन्नाले संस्थाको विनियम बमोजिम निर्वाचित सञ्चालक समितिलाई सम्झनु पर्दछ ।
११. "संचालक" भन्नाले विनियम बमोजिम निर्वाचित समितिको सदस्य सम्झनु पर्दछ । सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषध्यक्ष समेतलाई जनाउँछ ।
१२. "व्यवस्थापन प्रमुख" भन्नाले संस्थाको प्रबन्ध सञ्चालक, कार्याकारी प्रमुख वा सो कार्य गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।
१३. "सेवा केन्द्र" भन्नाले संचालक समितिले केन्द्रिय कार्यालय अन्तर्गत रहने गरी समय समयमा तोकोका संस्थाका सेहवा केन्द्र तथा सम्पर्क कार्यालयहरु समेत जनाउँछ ।
१४. "सेवा केन्द्र प्रमूख" भन्नाले संस्थाद्वारा सञ्चालित सेवा केन्द्रको व्यवस्थापनको प्रमुख वा सो कार्य गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।
१५. "कर्मचारी" भन्नाले संस्थाको स्विकृत दरबन्दी भित्रका तह खुलेको वा नखुलेको स्थायी, अस्थायी र करारका कर्मचारी सम्झनु पर्दछ । सो शव्दले परीक्षणकाल तथा प्रशिक्षार्थीका रुपमा नियूक्त कर्मचारीलाई समेत जनाउँछ ।

## ३. नीतिको व्याख्याः

यस नितिको कार्यान्वयन गर्दा कुनै नियम, वाक्य, वाक्यांश वा शब्दावलीको व्याख्या सम्बन्धी अष्पस्ट भएमा

वा प्रश्न उठेमा सो को व्याख्या गर्ने अधिकार समितिमा रहनेछ ।

## ४.सदस्यताको किसिम :-

### अ) नियमित सदस्यः-

१६. संस्थाको नियामानुसार शेयर पुँजि लिएको एवं आफूले पूरा गर्नु पर्ने न्युनतम अन्य नियम पुरा गरेको व्यक्ति वा संस्था ।

१७. संस्थाको वार्षिक साधारण सभाको निर्णय प्रकृयाका सहभागि हुने अधिकार पाएको व्यक्ति वा संस्था ।

१८. संस्थाको सञ्चालक समिति तथा उप- समितिमा निर्वाचित हुने वा निर्वाचनमा मत दिने अधिकार पाएको व्यक्ति ।

१९. संस्थामा बचत गर्ने तथा ऋण सुविधा प्राप्त गरेको व्यक्ति वा संस्था ।

### आ) संरक्षित सदस्य (वाल सदस्य) :-

२०. सदस्य हुन आवश्यक पर्ने १६ वर्ष उमेर नपुगेका संस्थाका नियमित सदस्यका सन्ततीहरु ।

२१. संस्थाको निर्णय प्रकृयामा भाग लिने अधिकार नभएको ।

२२. संस्थाको सञ्चालक समिति र उपसमितिमा निर्वाचित हुने र निर्वाचनमा मत दिने अधिकार नभएको व्यक्ति ।

२३. ऋण लिने सुविधा प्राप्त नगरेको व्यक्ति ।

२४. बचत गर्ने अधिकार भएको व्यक्ति ।

२५. संस्थामा नियमित सदस्य भएका व्यक्तिको संरक्षणमा खाता रहेको व्यक्ति ।

## ५. सदस्यताको लागि योग्यता :-

संस्थाको सदस्यता प्राप्त गर्नका निम्ति तपशिलको योग्यता पुगेको हुनुपर्नेछ ।

२६. नियमित सदस्यताको लागि १६ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनु पर्नेछ ।

२७. संस्थाको कार्य क्षेत्रभित्र स्थायी वा अस्थायी बसोबास गर्नुको साथै, संस्थाको सेवा सुविधा उपयोग गर्न तथा संस्थाका सदस्यता तथा अन्य कारोबार सम्बन्धी सर्त बन्देज पालना गर्न प्रतिवद्ध व्यक्ति वा संस्था ।

२८. संस्थाको विनियम तथा नीति नियम पालना गर्न मञ्जुर गर्ने व्यक्ति वा संस्था ।

२९. नेपालको प्रचलित ऐन कानुनले अयोग्य नठहरिएको व्यक्ति वा संस्था ।

३०. संस्थाले तोकेको न्युनतम शेयर खरिद गर्न र तोकिएको अनिवार्य न्युनतम बचत निरन्तर जम्मा गर्न मञ्जुर व्यक्ति वा संस्था ।

३१. बाल सदस्यको हकमा नियमित सदस्य संरक्षक रहने गरी निजको एका घर-परिवारको बालबालिकालाई मात्र बाल सदस्यता प्रदान गरिनेछ ।

३२. संस्थाको कार्यक्षेत्र भित्र कार्य गर्ने गरी सम्बन्धित निकायमा दर्ता भई कार्य गरेको कानुनी व्यक्ति, संघ, संस्था वा स्थानिय अन्य संगठित संस्थाहरु ।

## ६.नियमित सदस्यताको लागि दरखास्त :-

नियमित सदस्य बन्न चाहने व्यक्ति वा संस्थाले सदस्यताको लागि संस्थाले तयार गरेको अनुसुचि-१ बमोजिमको सदस्यता दरखास्त फारम र सदस्य पहिचान फारम भरी तोकिएका आवश्यक कागजात संलग्न गरी कार्यलयमा पेश गर्नु पर्नेछ । त्यस्तो दरखास्त उपर व्यवस्थापन प्रमुखले दफा ५ बमोजिमको सदस्यताको लागि योग्यता पुगेको छ वा छैन हेरी आफुलाई प्राप्त अख्तियारी मुताविक सदस्यता दिने नदिने निर्णय गर्नु पर्नेछ र सो सदस्यता सञ्चालक समितिको बैठकबाट स्विकृत तथा अनुमोदन गर्नु पर्नेछ ।

## ७. संरक्षित सदस्यताको लागि दरखास्त :-

बाल सदस्य बन्न चाहने बाल बालिका वा निजको संरक्षकले सदस्यताको लागि संस्थाले तयार गरेको अनुसुचि-२ बमोजिमको सदस्यता दरखास्त फारम भरि उमेर खुल्ने प्रमाण प्रत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो २ प्रति सहित कार्यालयमा पेश गर्नु पर्नेछ । त्यस्तो दरखास्त उपर व्यवस्थापन प्रमुखले आवश्यक छानविन पुरा गरी सदस्यता प्रदान गर्नु पर्नेछ ।

**८. सदस्यताको लागि आवश्यक कागजातहरु :-**

**क व्यक्तिको सदस्यता आवेदन फारमका साथमा देहायमा उल्लेख गरिएका कागजातहरु समेत अनिवार्य पेश गर्नु पर्नेछ ।**

३३. नागरिकताको स्वयं प्रमाणित प्रतिलिपि १ प्रति ।

३४. पासपोर्ट साइजको फोटो २ प्रति

३५. बाल सदस्यहरुको हकमा संरक्षकको पासपोर्ट साइजको फोटो १ प्रति

३६. बसाई सराई गरी आएको भए सो को प्रतिलिपि १ प्रति

३७. स्थायी वा अस्थायी बसोबास, कारोबार दर्ता प्रमाणको प्रमाणित कागजातपत्रको प्रतिलिपि १ प्रति

३८. सम्वन्धित स्थानमा घर जग्गा भएको भए पुर्जा बत्ति वा पानीको बिल भूक्तान गरेको रसिदको फोटो कपि १ प्रति

**ख. संस्थागत सदस्यताको हक आवश्यक कागजातहरु :-**

३९. सम्बन्धित दर्ता निकायमा संस्था दर्ता भएको प्रमाण प्रत्रको प्रतिलिपि -१

४०. साधरण सभाले सञ्चालक समितिको निर्वाचन सम्बन्धमा गरेको सभाको निर्णय र निवार्चित पदाधिकारीहरुको नामावली प्रतिलिपी- १

४१. संस्थाको सदस्यता लिन साधरण सभा वा सञ्चालक समितिको बैठकको निर्णय प्रतिलिपि- १

४२. संस्थाको साधरण सभामा भाग लिन वा संस्थागत कारोबार गर्न संस्थाले प्रतिनिधि मनोनयन गरेको बैठकको निर्णय प्रतिलिपि -१

४३. संचालक समितिको नाम, ठेगाना, उमेर, पेशा र शेयर लिएको विवरण प्रतिलिपी- १

४४. संस्थाको अनितम वर्षको आय व्यय विवरण र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि -१

४५. संस्था सञ्चालनमा नियमितता देखिने अन्य कागज पत्रहरु

**९. सदस्यहरुको दर्ता किताब र प्रतिवेदन :-**

सदस्यताको लागि निवेदन स्वीकृत भएपछि नयाँ सदस्यको नाम सदस्यता दर्ता किताबमा दर्ता गरिनेछ । व्यवस्थापन प्रमुखले सञ्चालक समितिको बैठकमा पेश गर्न अनुसुचि- ३ वमोजिमको लिखित प्रतिवेदन तयार गरी नयाँ सदस्यता दर्ता भएको बारे निम्न व्यहोरा पेश गर्नु पर्नेछ ।

४६. प्रतिवेदन अवधिभरमा स्वीकृत भई थपिएका सदस्य संख्या र छोडेका सदस्य संख्या ।

४७. सदस्यता लिएको नाम, ठेगाना, सदस्यता लिएको मिति, नम्बर र शेयर रकम ।

४८. हरेक सदस्यलाई दिइएको सदस्यता नम्बर ।

४९. सदस्यता त्यागेका व्यक्तिको नाम, ठेगाना, त्यागेको मिति, नम्बर र शेयर रकम ।

**१०. प्रवेश शुल्क तथा सदस्यता शुल्क :-**

संस्थामा सदस्यताको लागि देहाय बमोजिमको रकम प्रवेश शुल्क, शेयर र वचत वापत बुझाउनु पर्नेछ ।

५०. सदस्यताको लागि प्रवेश शुल्क रु. १०० /-

५१. व्यवस्थापन शुल्क रु ५००/-

५२. कम्तिमा २५० कित्ता शेयरको लागि रु २५,०००/-(वाल सदस्य बाहेक)

५३. मासिक /वाल वचत कम्तिमा रु.१०००/-

५४. साधारण वचत कम्तिमा रु.१०००/-(वाल सदस्य बाहेक)

**११. सदस्यता परिचय पत्र तथा प्रमाण पत्र लिनु पर्ने :-**

संस्थाको सदस्यता प्राप्त गरिसकेपछि सदस्यहरुले सदस्यता परिचय पत्र वा शेयर प्रमाण पत्र लिनु पर्नेछ ।

## १२. सदस्यको काम, कर्तव्य र अधिकार :-

५५. साधरण सभामा भाग लिने ।

५६. जतिसुकै शेयर खरिद गरे तापनि एक व्यक्ति एक मतको आधारमा मात्र आफ्नो मताधिकारको प्रयोग गर्ने ।

५७. साधारण सभा वा समितिबाट निर्वाचित वा मनोनित भई संस्थाको व्यवस्थापन प्रमुखीय कार्य तथा समिति तथा उपसमितिहरुको कार्यमा भाग लिने ।

५८. संस्थामा नियमित बचत गर्ने ।

५९. संस्थको ऋण नीतिमा तोकिए बमोजिमको ऋण प्राप्त गर्ने र सोको सावाँ तथा ब्याज सम्झौता अनुसार नियमित रुपमा संस्थामा भुक्तानी गर्दै जाने ।

६०. संस्थाबाट प्रदान गरिने अन्य वित्तिय तथा गैह्रवित्तिय सेवाहरु प्राप्त गर्ने ।

६१. सदस्यहरु एवं संस्थाको हीत र विकास कार्यमा सहभागी हुने तथा सञ्चालकलाई सहयोग पुऱ्याउने ।

## १३. सदस्यताबाट निस्काशन :-

देहायको अवस्थामा सञ्चालक समितिले निर्णय गरी सदस्यताबाट निस्काशन गर्न सक्नेछ ।

६२. संस्थाको सञ्चालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्य गरेमा वा संस्थाको रकम हिनामिना गरेमा ।

६३. संस्थाको सिद्धान्त वा नीति नियमको पालना नगरेमा वा प्रतिष्ठामा आँच आउने कार्य गरेमा ।

६४. १ बर्ष भन्दा बढि समयदेखि निस्कृय रहि नियमित बचत नगरेमा ।

६५. संस्थाबाट लिएको ऋण धितो लिलाम बिक्री गरी असुल उपर गरिएमा ।

६६. नियमीत ३(तिन) पटक सम्म साधारण सभामा अनुपस्थित भएमा ।

## १४. सदस्यताबाट राजिनामा :-

सदस्यले संस्थाको सदस्यबाट राजिनामा दिन सक्नेछ । निजको राजिनामा व्यवस्थापन प्रमुख वा सञ्चालक समितिबाट स्वीकृत भई संस्थाको सदस्यबाट हटेको व्यक्ति वा संस्थाले पुनः सदस्यता प्राप्त गर्न चाहेमा त्यस्तो व्यक्ति वा संस्थालाई निजको राजिनामा स्वीकृत भएको मितिले १ वर्ष पछि मात्र पुनः रीतपूर्वक सदस्यता प्राप्तिको लागि संस्थामा निवेदन दिएमा सदस्यता प्रदान गर्न सकिनेछ ।

## १५.सदस्यताको अन्त्य :-

देहायको उल्लेख भएको अवस्थामा कुनै पनि व्यक्ति वा संस्था संस्थाको सदस्य रहने छैन ।

६७. मृत्यु भएमा,

६८. कानूनी रुपमा मानसिक सन्तुलन ठिक नभएको भनी चिकित्सकद्वारा प्रमाणित भएमा,

६९. नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय पाएमा,

७०. निजले आफ्नो पदवाट दिएको राजीनामा स्विकृत भएमा,

७१. सदस्यले आफ्नो सदस्यता कुनै अर्को व्यक्ति वा संस्थाको नाममा हस्तान्तरण गर्न दिएको लिखित निवेदन सञ्चालक समितबाट स्वीकृत भएमा वा सम्पुर्ण शेयर फिर्ता लिएमा ।

७२. यस नीतिमा व्यवस्था भए बमोजिम सदस्यवाट निष्काशित भएमा,

७३. संस्था टाटा पल्टेमा वा विघटन भएमा,

माथि जे सुकै कुरा लेखिएको भए तापनि कुनै पनि सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजिनामा गर्न पाउने छैन ।

## १६. दायित्व :-

संस्थाका सदस्यहरुको दायित्व आफुले खरिद गरेको शेयर रकम र आफ्नो बचत रकम सम्म मात्र सीमित रहनेछ साथै आफुले लिएको ऋृण तथा जमानी बसेको ऋृण सापटीको दायित्व समेत सम्बन्धित सदस्यको हुनेछ । संस्थाको विनियम तथा अन्य नीति नियमहरुको पुर्ण पालना गर्नु सम्पुर्ण सदस्यहरुको संस्थागत दायित्व हुनेछ ।

## १४. बचाउ तथा खारेजी :-

७४. यो नीतिमा उल्लेख भएका विषयहरु यसै नीतिबमोजिम र यस नीतिमा नपरेका विषयहरुको हकमा संचालक समितिले गरेको निर्णय बमोजिम हुनेछ ।

७५. यस नीतिको संशोधनको स्विकृती साधारण सभाबाट हुनेछ । संशोधनको प्रस्ताव पेश गर्ने अधिकार सञ्चालक समितिमा हुनेछ ।

७६. संस्थामा यस अघि सदस्यता संग सम्बन्धीत भए गरेका काम कारवाही यसै नीति बमोजिम भए गरेको मानिने छ ।